नेपाल सरकार

अर्थ मन्त्रालय, सिंहदरवार

**मोटर पार्टस खरिद सम्वन्धी सिलवन्दी वोलपत्र आह्वान ।**

(प्रथम पटक प्रकाशित मिति २०७१।५।४)

यस मन्त्रालयलाई आर्थिक वर्ष २०७१।७२ को लागि आवश्यक पर्ने मोटर पार्टसहरु सिलवन्दी वोलपत्र प्रक्रियाद्वारा आपूर्ति गर्नको लागि मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा संस्था बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र वोलपत्र प्रस्ताव पेश गर्न आह्वान गरिएको छ । सिलवन्दी वोलपत्र फाराम यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा रु. ३०००/ (अक्षेरुपी तीनहजार मात्र) (फिर्ता नहुने गरी) दाखिला गरी स्टोर शाखाबाट खरिद गर्न सकिनेछ । सिलवन्दी वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। उक्त वोलपत्र ३१ औं दिन दिनको १२:०० सम्म दर्ता गराई सक्नु पर्नेछ। सोही दिनको २:०० वजे वोलपत्र प्रस्ताव यस मन्त्रालयमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही स्थान र समयमा सिलवन्दी वोलपत्र फाराम खोलिने छ । वोलपत्र प्रस्ताव पेश गर्दा जमानत वापत रु. १,६०,०००/(अक्षेरुपी एक लाख साठी हजार मात्र) सिंहदरवार स्थित को.ले.नि.का.भुक्तानी केन्द्र ४ को नाउँमा एभरेष्ट वैंक सिंहदरवारमा रहेको धरौटी खाता नं. १३५००१/०७१ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट सो रकम वरावरको अर्थ मन्त्रालयको नाउँमा जारी भएको वोलपत्र प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट १२० दिन अवधि रहेको विडवण्ड (Bid Bond)पेश गर्नु पर्नेछ । वोलपत्र साथ इजाजत-पत्र, आ.व. २०६९/७० को कर चुक्ता प्रमाण-पत्र, सरकारी निकाय वा संस्थाहरुमा ३ वर्ष भन्दा वढी सामान आपूर्ति गरेको कार्यानुभवको प्रमाणपत्र तथा अन्य आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ । वोलपत्र प्रस्ताव स्वीकृत भए पछि सो फर्म वा संस्थाले कवोल अंकको ५ प्रतिशत रकम धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो वरावरको परफर्मेन्स वण्ड पेश गर्नु पर्नेछ । स्वीकृत वोदपत्रदाता वा फर्मले वोलपत्र फाराममा उल्लेख भए अनुसारका सवारी साधनहरुको लागि गुणस्तरीय/ब्राण्डेड स्पेयर पार्टसहरु आपूर्ति गर्नु पर्नेछ । उपरोक्त अनुसार नगरेमा धरौटी वापत राखेको रकम जफत गरिनेछ । प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ। यस सम्वन्धी सूचना अर्थ मन्त्रालयको website www.mof.gov.np मा पनि हेर्न सकिनेछ । साथै थप केही वुभ्नु परेमा फोन नं ४२११३६१ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ। अन्य विषयको हकमा प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, बमोजिम हुने छ ।